मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा सुमो दुर्घटना, ६ जना घाइते

हेटौंडा, ११ जेठ/मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरीखेतमा बिहीबार टाटासुमो दुर्घटना हुँदा ६ जना घाइते भएका छन् । भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा काठमाडौंबाट हेटौंडातर्फ आउदै गरेको बा.प्र.०३-००१ ज ०२८० नम्बरको सुमो आफैं अनियन्त्रित भएर भित्तामा ठोक्किएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । घाइते हुनेहरुमा रौतहट कटहरीया नगर पालिका-४ बस्ने वर्ष २० को समिर रहमान, कटहरीया-२ बस्ने वर्ष २६ की मनिषा ठाकुर, सोहीस्थान बस्ने वर्ष २४ को शेख जोवर, दोलखा भिमेश्वर नगरपालिका-५ बस्ने वर्ष ३२ की मन्जु तामाङ, सर्लाही हरिवन नगरपालिका-१ बस्ने वर्ष २८ की अनिता तामाङ, सोहीस्थान बस्ने वर्ष २९ की सर्मिला तामाङ रहेका छन् । सबै घाइतेहरुको भीमफेदी स्वास्थ्यचौकीमा उपचारपश्चात डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ ।

### सामुदायिक विद्यालयका अध्यक्ष र प्रअबीच शैक्षिक अन्तरक्रिया

# 'शिक्षा र स्वास्थ्यको लगानी उत्पादनसँग जोडिनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शिक्षा र स्वास्थ्यमा हुने लगानीलाई उत्पादनसँग जोड्नुपर्ने बताएका छन् ।

शनिबार सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको हेटौंडामा भएको शैक्षिक अन्तरक्रिया तथा उत्प्रेरणा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले शिक्षा र स्वास्थ्यको लगानी आर्थिक वृद्धिदरसँग नजोडिँदा उचित प्रतिफल प्राप्त गर्न नसकेको बताए । उनले बदलिंदो सामाजिक परिवेशअनुरुप नै नेतृत्वकर्ताले आफूलाई पनि बदल्नुपर्ने धारणा व्यक्त गरे ।




पुरानो नीति तथा कार्यक्रम बोक्नेहरुले राष्ट्रको नेतृत्व गर्न नसक्ने उनको भनाई छ । मुख्यमन्त्री जम्कट्टेलले जिम्मेवार ठाउँमा बस्नेहरुले नै केही हुँदैन, केही गर्न सकिँदैन भन्ने गलतभाष्य स्थापित गर्न खोजेको आरोप लगाए । मुख्यमन्त्री जम्कट्टेलले समस्याहरु देखाएर मात्र शिक्षाक्षेत्रमा सुधार नआउने बताउँदै समस्यासँगै समाधानका उपाय खोज्न शिक्षासम्बद्ध सरोकारवालालाई आग्रह गरे ।

मुख्यमन्त्री जम्कट्टेलले अहिलेको शिक्षा प्रणालीको सैद्धान्तिक पाटो बलियो भएपनि व्यवहारिक पक्ष भने कमजोर भएको बताए । पाठ्यक्रम परिवर्तन गरी नर्सिङ र इन्जिनियरिङ कोर्षलाई माध्यमिक तहमा ल्याउनुपर्नेमा उनको जोड थियो । मुख्यमन्त्री जम्कट्टेलले नेपालको शिवद्यालय शिक्षाप्रणालीमा धेरै सुधार गर्नुपर्ने समय आएको बताए । मुख्यमन्त्री जम्कट्टेलले प्राविधिक धारको पाठ्यक्रम विकास गर्नु जरुरी रहेको बताउँदै सामुदायिक विद्यालयमा शिक्षकले कक्षाकोठामा गरेको मिहेनतलाई सम्मान गर्नुपर्ने धारणा राखे ।

मुख्यमन्त्री जम्कट्टेलले पुरानो शैलीको पाठ्यक्रम परिवर्तन गरी विद्यार्थीलाई रुचीकर विषय समाबेश गर्नुपर्ने बताए । मुख्यमन्त्री जम्कट्टेलले पुरानै शैलीको पाठ्यक्रम परिमार्जन गरी प्राबिधिक सीपमूलक शिक्षा पाउने गरी नयाँ ढाँचामा पाठ्यक्रम आवश्यक भएको बताए । सामुदायिक विद्यालयका भौतिक संरचनाहरु राम्रो बन्दै गएको बताउँदै मुख्यमन्त्री जम्कट्टेलले पाठ्यक्रम परिमार्जन गरी विद्यार्थीको रुचीको विषय समाबेश गरी शिक्षामा सुधार ल्याउन जरुरी रहेको औंल्याए ।

परिवर्तन हामीबाटै सुरु गरौं भन्ने नाराका साथ सुरु भएको शैक्षिक अन्तरक्रियामा मुख्यमन्त्री जम्कट्टेलले वर्तमान पाठ्यक्रमले सौद्धान्तिक ज्ञान मात्रै दिएकोले व्यवहारिक र प्राविधिक शिक्षाको अभावमा अहिलेको शिक्षा बेरोजगार उत्पादन गर्ने थलो बनेको बताए । मावि तहसम्मको शिक्षाको जिम्मेवारी प्रदेश सरकारले पाएपछि प्रदेशले शिक्षा नीति बनाएको बताउँदै मुख्यमन्त्री जम्कट्टेलले विद्यालयमा नर्सिङ र इन्जिनियरिङ कोर्ष अनिवार्य हुनुपर्ने धारणा राखे ।

बागमती प्रदेशको राजधानी हेटौंडाको सडक बिस्तार गर्ने तयारीका साथ प्रदेश सरकारले काम गरिरहेको बताउँदै मुख्यमन्त्री जम्कट्टेलले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नै हेटौंडा सहर बिस्तारको योजना राखेर प्रदेशको राजधानी जस्तै बनाउने बताए । सामुदायिक विद्यालय ब्यवस्थापन समिति महासंघले आयोजना गरेको कार्यक्रममा शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला, प्रा.डा. पेसल खनाल र स्थानीय शासनविज्ञ सोमत घिमिरेले प्रमुखवक्ताको रुपमा प्रशिक्षण दिएका थिए ।

हामी सुधार्छौं हाम्रो विद्यालय राष्ट्रिय अभियानका क्रममा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको आयोजना, सामाजिक विकास मन्त्रालयको सहकार्य एवम् शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको समन्वयमा कार्यक्रम भएको हो । मकवानपुरको बकैया, मकवानपुर गढी, बागमती, मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाभित्रका करिव ३०० सामुदायिक विद्यालयका प्रध्यानाध्यापक, व्यवस्थापन समिति अध्यक्षको सहभागिता रहेको थियो ।

कार्यक्रममा सामाजिक विकासमन्त्री कुमारी मोक्तान, खानेपानी, उर्जा एवम् सिचाई मन्त्री एकालाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, शिक्षा विकास समन्वय ईकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम, शिक्षा अधिकृत उन्नति ढकालगायतको आतिथ्यता रहेको थियो ।

# गणतान्त्रिक यातायात व्यवसायीको दोस्रो अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष एवम् पूर्वसभामुख अग्निप्रसाद सापकोटाले संसद्को गरिमा र ओज खस्कँदै गएको बताएका छन् ।

शनिबार नेपाल गणतान्त्रिक यातायात व्यवसायी संगठन बागमती प्रदेश समितिको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले संसदमा हुने बहस, छलफल, शब्द चयनहरु स्तरहीन, मर्यादाहीन भएको बताएका छन् । संसद् कुनै पनि देशको लोकतन्त्रको आत्मा, सुशासनको महत्वपूर्ण संवाहक भएपनि संसद्मा राम्रोसँग संसदीय गतिविधि सञ्चालन हुन नसकेको बताए ।

उनले अहिले अराजकताको स्थिति, प्रियतावादको रुझान र अस्तव्यस्तता राष्ट्रिय परिस्थितिका रुपमा देखिएको बताए । सापकोटाले आगामी आर्थिक वर्षको बजेट कुनै पनि रोकतोकबिना संसद्मा प्रस्तुत हुनेमा आफू आशावादी रहेको बताए । उनले अहिलेको राष्ट्रिय परिस्थिति जटिल र पेचिलो बन्दै गएको पनि बताए ।

उनले भने, 'अहिलेको राष्ट्रिय परिस्थितिमा अलिकति जटिल र पेचिलो परिस्थिति पैदा भएको छ । सदन सुचारु गर्न दिनदिनै नेतृत्व तहमा पनि छलफल चलिरहेको छ । भोलिसम्म सहमतिको वातावरण बन्ने आशा गर्न सकिन्छ । कुनै न कुनै तरिकाले सहमति बन्छ र निकास निस्किन्छ । संसद्भन्दा जनप्रतिनिधिको उच्चथलो अर्को छैन । त्यहाँ हुने छलफल, बहस, शब्दचयन, वाक्य गठन सुन्दा स्तरहीन र मर्यादाहीन भएको छ ।'

उपाध्यक्ष सापकोटाले देश अहिले छटपटी, उकुसमुकुस वातावरणमा रहेको बताए । उनले देशमा विचार हीनको स्थिति सिर्जना भएको बताएका थिए । नेपाल गणतान्त्रिक यातायात व्यवसायी संगठनको बागमती प्रदेश समितिको दोस्रो अधिबेशन संगठनका संयोजक गुणराज घिमिरेको अध्यक्षतामा भएको हो । नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य संविधानसभा सदस्य, पूर्वमन्त्री संगठनका ईन्चार्ज टेकबहादुर बस्नेत, नेकपा माओवादी बागमती प्रदेस समिति उपाध्यक्ष तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु'को बिषेश आतिथ्यता रहेको थियो ।

नारायणी यातायात व्यवसायी संघका महासचिव सरोज खनाल, संगठनका अध्यक्ष ज्ञानेन्द्र श्रेष्ठ, संगठनका प्रमुख सल्लाहकार तथा उपत्यका बिशेष समिति सचिव कमल सापकोटा, अखिल नेपाल ट्रेड युनियन महासंघका उपाध्यक्ष सोम तामाङ, नेपाल उद्योग व्यवसायी महासंघका महासचिव खेम पराजुली, अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दीपक केसी, नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघका महासचिव केदार पौडेल, अखिल नेपाल यातायात मजदुर संघका महासचिव शरद सुबेदी, संघका बागमती प्रदेश समिति अध्यक्ष बिष्णु गुरुङसहित संगठनका पदाधिकारीको उपस्थिति थियो ।

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
- Computer in Graphic Design
- Computer in web Devlopment
- Computer in Accounting Package
50% OFF for +2 Student
- Diploma in Computer
- Japanese Language
- IELTS/PTE Class
- शान्त तथा स्वच्छ वातावरण
- हरेक हप्ता Model Test
- दक्ष तथा अनुभवी शिक्षक
- Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

# वनभित्र संरचना निर्माण नगर्न निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/बागमती प्रदेश सरकारका वन तथा वातावरण मन्त्री केशवप्रसाद पोखरेलले वनभित्र अनावश्यक संरचना निर्माण नगर्न निर्देशन दिएका छन् ।

हेटौंडा-२ स्थित वनस्खण्डी मन्दिर परिसरमा निर्माण गरिएको खुल्ला व्यायमशालाको शनिबार उद्घाटन गर्दै वनभित्र अनावश्यक रुपमा सिमेन्टबाट बनेका संरचना निर्माण नगर्न आग्रह गरेका हुन् । प्राकृतिक सम्पदाको संरक्षण गर्दै वन तथा वातावरण क्षेत्रलाई जोगाउनेगरी मात्रै वनभित्र संरचना बन्नुपर्नेमा मन्त्रीको जोड थियो । संरचना बनाउने नाममा पुरातात्विक महत्वका संरचनालाई मास्नेभन्दा पनि संरक्षण गर्दै अगाडि बढ्नुपर्नेमा उनले जोड दिए ।

प्रदेश सरकारको मन्त्रीपरिषद्ले गरेको निर्णय स्मरण गर्दै प्रदेशमा बन्ने संरचनामा अब स्वदेशी काठ अनिवार्य गरिएको बताए । उनले नेपालको जंगलमा काठ कुहिएर गइरहेको अवस्थामा विदेशबाट बार्षिक करिव १७ अर्बको काठ आयात भइरहेकोप्रति चिन्ता व्यक्त गरे ।

वनस्खण्डी मन्दिर पर्यटन विकास समितिको आयोजना एवम् बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको आठ लाख ८९ हजार ४५१ रुपैयाँ आर्थिक सहयोगमा व्यायमशाला निर्माण गरिएको हो । व्यायामशालाबाट सबैलाई लाभलिन आग्रह गर्दै मन्त्रीले अब जीवनशैली सुधार गर्नुपर्नेमा जोड दिए । पछिल्लो समय अस्वस्थ्यकर खानपानका कारण मानिसले धेरै रोगको सामना गर्नुपरेको बताउँदै प्राकृतिक खानपान अपनाउनुपर्ने उनको भनाइ छ ।

प्रदेशको राजधानी हेटौंडा जोड्ने सडकहरु धमाधम निर्माण भइरहेको बताउँदै अबको एक वर्षभित्र हेटौंडा-काठमाडौंको यात्रा सहज हुने विश्वास व्यक्त गरे । निर्माण व्यवस्थापन समिति अध्यक्ष देवकी केसीको अध्यक्षतामा भएको कार्यक्रममा सरोकारवाला र स्थानीयवासीको सहभागिता रहेको थियो ।

# रक्तादान कार्यक्रममा २२ जना सहभागी

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/हेटौंडा उपमहानगरपालिका-११ टोल विकास संस्था वडासमन्वय समितिको आयोजनामा हेटौंडा-११ मा रक्तदान कार्यक्रम गरिएको छ ।

विश्व वातावरण दिवसको अवसरमा गरिएको कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए । वडासमन्वय समिति अध्यक्ष यज्ञबहादुर आचार्यको सभाध्यक्षतामा भएको कार्यक्रममा वडाअध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा वडासदस्य विकास नेपाल, गीता सुनार, सञ्जय बिडारी, गोपीनी सापकोटा, टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरूः
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# फास्ट ट्र्याकको सुरुङ ब्रेकथ्रु

सरकारले राष्ट्रिय गौरवका आयोजनालाई उच्चप्राथमिकतामा राखेर काम गर्ने हो भने समयमै काम सकिने कुराको पुष्टि नेपालमा खनिएको सुरुङमार्गले गरिरहेको छ । भेरी-बबई डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सन, थानकोट-नागढुँगा सुरुङमार्ग, निजगढ-काठमाडौं द्रुतमार्गको सुरुङले प्रमाणित गरेको छ । सुरुङ खन्ने कार्यमा नेपालले गरेको प्रगतिले केही आशा जगाएको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) सडक आयोजनाअन्तर्गत धेद्रे सुरुङ शुक्रवार छिचोलिएको छ । प्याकेज नम्बर २ मा रहेको मकवानपुरको बकैया गाउँपालिकामा निर्माणाधीन धेद्रे सुरुङमार्गको जोडी सुरुङमध्ये निजगढबाट काठमाडौंतर्फ आउने १,६५३ मिटरको सुरुङमार्ग छिचोलिएको सेनाले जनाएको छ । यसअघि गत जेठ ४ मा १४३० मिटर दूरीको लेनडाँडा सुरुङमार्ग पनि छिचोलिएको थियो । यो काठमाडौंबाट निजगढतर्फ जाने सुरुङमार्ग हो । फास्टट्र्याकअन्तर्गत मकवानपुरको बकैया गाउँपालिकामा पर्ने लेनडाँडा सुरुङ १५ दिन अघि छिचोलिएको थियो ।

काठमाडौंबाट निजगढतर्फ जाने १ हजार ४३० मिटर लामो सुरुङ छिचोलिएको (ब्रेकथ्रु गरिएको) हो । त्यस्तै महादेवटार सुरुङको ३ हजार ३५५ मिटरमध्ये २ हजार १५८ मिटर खनीसकेको छ । सबैभन्दा लामो रहेको यो सुरुङ अब १ हजार १९७ मिटर मात्र खन्न बाँकी छ । २ हजार २५० मिटरको चन्द्राम भिर, १ हजार मिटरको देवीचौर र ३ सय ९० मिटर दूरीको सिसौटार सुरुङ डिजाइनको क्रममा रहेको बताइएको छ । यसको निर्माण व्यवस्थापनको जिम्मा मन्त्रिपरिषद् निर्णयले ०७४ वैशाख २१ मा नेपाली सेनालाई दिएकोहो । २०८१ मंसिरभित्र निर्माणको काम सक्किनुपर्ने थियो । तर, यो अवधीमा निर्माण नसकिने भएपछि ०८३ चैतसम्म म्याद थप गरिएको छ । ७१ किमिमध्ये ६४ किलोमिटरमा ठेक्का व्यवस्थापन भएको छ । खोकना खण्डको जग्गा विवाद भने अझै टुंगिएको छैन । यसैले गर्दा यो खण्डको ६.५ किमि क्षेत्रमा ठेक्का व्यवस्थापनको काम हुन सकेको छैन । यो खण्डलाई अन्तिम ११ नम्बर प्याकेजमा राखिएको छ । अहिलेसम्म समग्र आयोजनाको भौतिकप्रगति करिव ३४ प्रतिशत छ । नेपाली सेनाले २०७४ वैशाख २१ बाट निर्माण जिम्मा पाएको द्रुतमार्गको पुलका इन्जिनियर कोरियाली नागरिक छन् । सुरुङमार्ग बनाउन अब नेपाली सेना अनुभवी भएको छ । नेपाली सेनाले अब देशको सबै क्षेत्रमा सुरुङ निर्माणमा अग्रसरता देखाउन सक्छ ।

द्रुतमार्गको निर्माणको समन्वय गरिरहेको नेपाली सेनाका अधिकारीहरुका अनुसार द्रुतमार्गका लागि आवश्यक कुल जग्गाको तीन प्रतिशत जग्गाको मुआब्जा टुङ्गो लाग्न बाँकी छ । खोकना र फर्सीडोलका स्थानीयले जग्गाको मुआब्जा बुझ्न नमानेपछि काम सुरु नभएको हो । खोकना र फर्सीडोलक्षेत्रमा द्रुतमार्ग बनाउने जग्गा नै सरकारले प्राप्त गर्न सकेको छैन । सुरुङको सबैभन्दा भित्री भागमा दोहोरो पक्की संरचना बनाउने र भित्र रसाउने पानी सडकमुनिबाटै बाहिर निकाल्नका लागि छुट्टै संरचना बनाउने काम भइरहेका छ । काठमाडौं-तराई द्रुतमार्गका लागि ६ ठाउँमा बनाइने १२ वटा सुरुङमध्ये यहाँ बनिरहेका सुरुङमध्ये २ वटा ब्रेकथ्रु भएको हो । महादेवटार र धेद्रेबीचमा पर्ने सुरुङको लम्बाई ३.४ किलोमिटर छ । द्रुतमार्गमा बन्ने चारलेनको सडकलाई बीचमा बन्ने तीनमिटरको संरचनाले दुवैतर्फ दुई-दुई लेनमा विभाजन गर्ने नक्सांकन रहेको छ । दुवैतर्फका दुई-दुई लेनका सडकमा एकतर्फी मात्रै सवारी गुड्ने भएकाले आउने र जाने बाटोका लागि छुट्टा छुट्टै सुरुङ बनाइँदैछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १४ गते सोमबार २७ मे २०२४ । चतुर्थी, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ६:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# कमजोर व्यवस्थापनको परिणाम भोगिरहेको नेपाल



✍ डा. रोहितकुमार श्रेष्ठ

चेस्टर आई बर्नाडको शब्दमा साधनहरूको कुशल प्रयोगद्वारा मानिस मार्फत काम गराउनुलाई व्यवस्थापन भनिन्छ । वैज्ञानिक व्यवस्थापनका पिता एफ् डब्यु टेलरले सर्वोत्तम एवं मितव्ययी ढंगले काम सम्पन्न गर्नुलाई व्यवस्थापन भनेका छन् । जेहोस् निर्धारित उद्देश्य हासिल गर्न मानवीय, भौतिक, वित्तीय, सूचना जस्ता साधनहरूको प्रभावकारी ढंगले योजना, संगठन, नेतृत्व एवं नियन्त्रण गर्ने कला र प्रक्रिया नै व्यवस्थापन हो ।

व्यवस्थापन विश्वव्यापी कार्य हो र यो हरेक संगठनको लागि अत्यावश्यक हुन्छ । चुलाचौकादेखि ठूला संघ-संगठन र राष्ट्रहरू पनि व्यवस्थापन विना प्रभावकारी ढंगले सञ्चालन हुन सक्तैनन् । कुशल व्यवस्थापन हाम्रो देश नेपालको लागि अत्यन्तै खट्किएको विषय हो । यस लेखमा नेपाल राज्यको व्यवस्थापनका अवस्था बारेमा केही पक्षहरूको संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

कार्यगत दृष्टिकोण अनुसार विभिन्न स्रोत र साधनहरूको कुशल, उच्चतम एवम् प्रभावकारी परिचालन गरी अपेक्षित नतिजा हासिल गर्न योजना तर्जुमा, कार्यान्वयन र नियन्त्रण गर्ने समग्र प्रक्रिया नै व्यवस्थापन हो ।

प्राकृतिक स्रोतसाधन, भौगोलिक बनावट तथा हावापानीको दृष्टिकोणले नेपाल राज्य आदिकालदेखि नै सम्पन्न मुलुक हो । यो मुलुकको जल, जमिन र जङ्गलको प्रभावकारी उपयोग गर्ने हो भने विश्वकै धनी र शक्तिशाली राष्ट्र बन्न सक्थ्यो । जलस्रोतको दृष्टिकोणले हाम्रो देश नेपाल ब्राजिल पछाडि विश्वकै दोस्रो धनी राष्ट्र हो ।

अध्ययनहरूले यहाँ ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने क्षमता भएको देखाएका छन् र ४२ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने अवस्था छ । विद्युत् विकास निर्माणको पूर्वाधार हो भने देशभित्र उपयोग गरी बढी भएको विद्युत् निर्यात गरी प्रचुर मात्रामा विदेशी मुद्रा आर्जन गर्न सकिन्थ्यो । बिडम्वना, विद्युत् उत्पादन गर्ने दिशामा मुलुक अगाडि बढ्न सकेको देखिँदैन । ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्ने सर कारी लक्ष्यले अझै पूर्णता पाउन सकेको छैन ।

राजधानी शहर काठमाडौं नै २/४ वर्ष अगाडिसम्म चरम लोडसेडिङको चपेटामा थियो । हालसम्म पनि मुलुक विद्युत् उत्पादन र प्रयोगमा आत्मनिर्भर हुनसकेको छैन । आयातमा भर पर्नु परिरहेको अवस्था छ । सुख्खायाममा देशको औद्योगिक क्षेत्रका उद्योग धन्दाहरू लोडसेडिङको मारमा परिरहेको तीतो यथार्थ जगजाहेर छ ।

विश्वकै सबैभन्दा होचो भूभाग केचना कवलदेखि सर्वोच्च शिखर सगरमाथाको टाकुरासम्म नेपाल राज्यको भूभाग पर्दछ । यसरी नेपालमा संसारमा पाइने सबै किसिमका भूभाग तथा हावापानी उपलब्ध छ । यसको मतलब उष्णदेखि समशीतोष्ण हावापानी भएको बेंसीदेखि उच्च लेकाली भूमिमा विभिन्न किसिमका कृषि तथा फलफूल उत्पादन गर्न सकिने गरी प्रकृतिले वरदान दिएको छ ।

भनिन्छ नेपाल कृषिप्रधान देश हो । यहाँको अधिकांश लगभग दुईतिहाइ जनसंख्या कृषिमा निर्भर छन् । उनीहरूको रोजगारीको प्रमुख स्रोत नै कृषि हो । तर सामान्यत: यहाँको खेतीपाती निर्वाहमुखी नै छ । परम्परामा आधारित छ, प्रविधिको प्रयोग भएको पाइँदैन । उन्नत बीउविजनको अभाव खट्किएको छ भने कृषकले समयमा मल पाउन सक्दैनन् । कृषकहरू मलको पर्खाइमा भौंतारिनुपर्ने र अन्ततोगत्वा 'हात्ती आयो हात्ती आयो फुस्सा' भन्ने भनाइ चरितार्थ समेत हुने गर्दछ ।

कृषक अन्नदाता पनि हुन् । कृषिप्रधान देशमा कृषकलाई विशेष सुविधा हुनुपर्ने हो । तर नेपालमा कृषकको वास्तविक सम्मान हुँदैन । एक तथ्याङ्क अनुसार कृषि क्षेत्रमा ६० लाख कृषि श्रमिक अनौपचारिक क्षेत्रमा पर्नु यसको अर्को ज्वलन्त दृष्टान्त हो ।

अनौपचारिक क्षेत्रमा पर्ने कुनै पनि श्रमिक/मजदुरको सामाजिक सुरक्षाको व्यवस्था हुनसक्ने अवस्था पनि हुँदैन । गरिबीको दर पनि यसै क्षेत्रमा बढी छ । सन् २०२४ फेब्रुअरीमा प्रकाशित नेपाल जीवनस्तर सर्वेक्षण, २०२२-२३ को तथ्याङ्क अनुसार नेपालको जनसंख्याको २०.२७ प्रतिशत मानिस नयाँ गरिबीको रेखामुनि छन् । ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत र शहरी क्षेत्रको १८.३४ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् ।

उपरोक्त सर्वेक्षण तथा २०२२-२३ को आधिकारिक गरिबी रेखा अनुसार ७२ हजार ९०८ रुपैयाँ भन्दा कम वार्षिक प्रति व्यक्ति उपभोग खर्च हुने व्यक्तिलाई गरिबीको रूपमा वर्गीकरण गरिएको छ । जमिनको उपयोगमा नेपाल पछाडि परेको छ । उजाड पाखा-पखेरा उर्वर बनाउँदै कृषि एवम् गैरकृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्नुपर्नेमा त्यसको विपरीत उर्वर र खेतीयोग्य जमिन समेत बाँझो तथा उजाड भूमिको रूपमा परिणत हुँदै गएको तीतो सत्य छर्लङ्ग छ ।

परिणामत: खाद्यान्न आयातमा निर्भर हुनुपरेको छ । चकलाबन्दी भूमि वर्गीकरण एवं भूमि सुधार व्यवस्था लक्ष्य अनुरूप प्रभावकारी हुन नसकेको हो कि ! भूमिको उक्त अवस्थाले भूमि व्यवस्था र प्रयोगको नाजुक स्थितिलाई इंगित गर्दछ । अर्कोतिर युवा जनशक्ति तीव्र र ठूलै संख्यामा विदेश पलायन भूमिरूपी प्राकृतिक स्रोतको अनुपयोगको एक प्रमुख कारण मान्न सकिन्छ ।

नेपालले हरियो वन नेपालको धन भन्ने भनाइलाई सार्थक बनाउन सकेको देखिँदैन । त्यसको लागि वृक्षरोपण कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ भने अर्कोतिर वन फडानी तथा चोरी निकासी नियन्त्रण गर्नुपर्छ । मलेसियन, इन्डोनेसियन तथा भारतीय काठको आयातले एकातिर स्वदेशी मुद्रा विदेशी गरेको छ भने स्वदेशी उद्योगलाई क्षति पुऱ्याइरहेको छ ।

नेपालमा खानीजन्य प्राकृतिक स्रोतहरू पनि छन् । यहाँ फलाम, तामा, अभ्रक लगायत सुन खानी समेत भएको अनुमान गरिएको छ । एलपी ग्याँस पाइन्छ भने अति मूल्यवान् युरेनियम पनि छ भनिन्छ । तर त्यस्तो महत्वपूर्ण वस्तुहरूको उत्पादन तथा उपयोग हुन नसकेको मात्र होइन त्यस्ता वस्तुहरू कहाँ र कति मात्रामा होला भनी खोज तथा उत्खनन् समेत हुनसकेको हैन । उत्खनन् गर्ने आधुनिक उपकरण एवं मानव संसाधनको सर्वथा अभाव रहेको छ ।

मानव संसाधन वा जनशक्ति व्यवस्थापन सामान्य व्यवस्थापनको सबैभन्दा महत्वपूर्ण पक्ष हो । त्यसरी नै मानव संसाधनलाई व्यवस्थापनविद्हरूले सर्वोत्तम साधनको रूपमा लिएको पाइन्छ । हुन पनि मानव संसाधन भनेको मानव नै हो जसले अन्य सम्पूर्ण साधनहरू-भौतिक, प्राकृतिक, वित्तीय आदिको व्यवस्थापन गर्दछ ।

मानव संसाधन व्यवस्थापनका प्रमुख कार्यहरूमा मानवीय साधनको प्राप्ति, विकास, उपयोग र निरन्तरता पर्दछ । सरकारी क्षेत्र जस्तै निजामती लगायत सुरक्षा, शिक्षा तथा सार्वजनिक निकायहरूमा माग गरिएको कर्मचारी संख्याभन्दा कैयौं गुणा बढी उम्मेदवारको आवेदन पर्दछ ।

उम्मेदवारहरूको दरखास्तको ओइरो तर पद संख्याको सीमितताले मुलुक बेरोजगारको चपेटामा छ भनेर सहजै आकलन गर्न सकिन्छ । निजी क्षेत्र समेत यसको अपवाद रहन सकेको छैन । रोजगारीको लागि उद्योग व्यवसाय पर्याप्त मात्रामा हुनुपर्छ ।

नेपालमा त्यस्तो छैन । कतिपय सञ्चालित उद्योगहरू रुग्ण अवस्थामा छन् । सरकारी नियुक्ति, सरुवा तथा बढुवामा प्रश्न उठ्ने गरेको पाइन्छ । कर्मचारी तालिम तथा विकासलाई लगानीको रूपमा लिनुपर्नेमा खर्चको रूपमा लिइन्छ । तालिमबाट प्राप्त ज्ञान, सीपलाई व्यवहारमा उतारिँदैन । नेतृत्व, सञ्चार तथा उत्प्रेरणाको अवस्था कमजोर देखिन्छ ।

निवृत्तिभरण तथा उपदानको व्यवस्थाले केही हदसम्म सम्बन्धित कर्मचारीको सामाजिक सुरक्षामा टेवा पुऱ्याए पनि बालबच्चा तथा परिवारका लागि सामाजिक सुरक्षाको व्यवस्था छैन भन्दा अत्युक्ति नहोला । सरकारी सेवातिर रोजगारी गर्ने आकर्षण बढ्दो मात्रामा छ । नेपाली युवाहरूले स्वदेशमा आफ्नो भविष्य र आशा नदेखेका कारण विदेशिनेको ताँती कहालीलाग्दो बन्दै गएको छ ।

प्रत्येक दिन वैदेशिक रोजगारको लागि लगभग २ हजार र अध्ययनका लागि ३०० भन्दा बढी युवाहरू विदेशिने क्रम जारी छ । देशको विकास गर्ने र समृद्धि ल्याउने भनेको नै मानव संशाधनले हो । ऊर्जाशील एवं उत्पादनशील व्यक्तिहरू नै देशमा नबसेपछि मुलुकमा मानव संसाधनको खडेरी पर्ने नै भयो । यस तथ्यले पनि मुलुक व्यवस्थापनको अस्तव्यस्तताको अवस्थालाई पुष्टि गर्दछ ।

सरकारी संगठनहरूको व्यवस्थापन अर्थात् सार्वजनिक प्रशासनको क्षेत्र पनि अति नै महत्वपूर्ण हो । व्यवस्थापन र प्रशासनलाई फरक दृष्टिकोणले पनि हेरिन्छ । प्रशासनको स्थान आज व्यवस्थापनले लिइसकेको भनिन्छ । यसले नीतिनिर्माणमा सहयोग गर्दछ भने नीति तथा कानुनको कार्यान्वयन गर्ने यसको उद्देश्य हुन्छ । यसको अर्को महत्वपूर्ण काम भनेको जनताको सेवा गर्नु हो ।

विडम्बना, नेपालमा आवश्यक नीतिको अभाव छ भने विद्यमान नीतिको कार्यान्वयनमा पनि प्रभावकारिता देखिँदैन । जनता भ्रष्टाचारको मारमा परेका छन् । एम्नेस्टी इन्टर नेशनलको वार्षिक प्रतिवेदनमा नेपाल अति भ्रष्ट राष्ट्रको सूचीमा पर्ने गरेको छ । भ्रष्टाचारले मुलुकलाई थङ्थिलो बनाइसकेको छ । भ्रष्टाचार नियन्त्रणको विषयमा इमानका साथ कोही, केही बोल्दैनन् ।

यस विषयमा कहिल्यै बहस हुँदैन । बरु भ्रष्टाचारको विषय उठ्दा अप्ठ्यारो पर्ने अवस्था आउँछ कि भनेर राजनीतिक दलका नेताहरू आपसमा गोप्य बैठक गरेर फासफुस पार्न पछि पर्दैनन् । मुलुकको प्रशासन यन्त्र भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । सिद्धान्तत: जनता मालिक हो । तर व्यवहारमा जनतालाई सम्मानजनक ढंगले सेवा दिन सकेको अवस्था छैन । जनता हिजो पनि खुसी थिएनन्, आज पनि छैन । राजनीतिक दल र त्यसको नेतृत्व गर्नेहरूले उनीहरूलाई भोट बैंकको रूपमा प्रयोग गरिरहेका छन् ।

संक्षेपमा व्यवस्थापन निजी, अर्धसरकारी एवं सरकारी क्षेत्रमा उत्तिकै आवश्यक छ । यस आलेखमा कुनै संगठन विशेषको नभएर नेपाल राज्यको व्यवस्थापनको अवस्था बारेमा केही पक्षहरूको छोटोमा विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसको लागि मुलुकमा विद्यमान स्रोत र साधनहरू-जल, जमिन, जंगल, मानव संसाधन तथा सार्वजनिक प्रशासन-को प्रयोग के-कति मितव्ययी एवं प्रभावकारी ढंगले भएको छ भन्ने सम्बन्धमा पङ्क्तिकारको निजी दृष्टिकोण अभिव्यक्त गरिएको छ ।

यस्ता स्रोतहरूको उपयोग प्रभावकारी ढंगले भएको भन्न सकिने कुनै आधार देखिँदैन । स्रोतको परिचालन गर्ने राज्यको जिम्मेवार निकाय राष्ट्रिय योजना आयोगलाई कहिल्यै आफूले तर्जुमा गरेको योजना र उद्देश्य पूरा नगर्ने निकायको रूपमा टिप्पणी गरिन्छ ।

उपरोक्त अवस्थालाई नियाल्दा मुलुकको व्यवस्थापन कमजोर छ । हाम्रो देशको व्यवस्थापन गर्ने राजनेताको अभाव खट्किएको छ । वर्तमान राजनीतिक प्रणाली अनुसार प्रधानमन्त्री मुलुकको व्यवस्थापक हो, जसले मुलुकको संविधान अनुसार मुलुकको व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी पाएको हुन्छ । यस्तो जिम्मेवारी पाएको मुलुकको कार्यकारी प्रमुखले राजनेताको भूमिका निर्वाह गर्न सकेमा पक्कै देशको विभिन्न स्रोत र साधनको कार्यकुशल एवम् प्रभावकारी ढंगले उपयोग हुनसक्थ्यो । मुलुकमा रूपान्तरणकारी नेताको पनि खाँचो छ । अत: मुलुकको प्रभावकारी व्यवस्थापनको लागि यस्तो राजनेता वा रूपान्तरणकारी नेताको अत्यन्त जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# संघीयता लोकतान्त्रिक तर जटिल राजनीतिक प्रणाली

✍ श्यामप्रसाद मैनाली

आधुनिक विश्वमा विशेष गरी शासन प्रणालीको छनौटको विषय अत्यन्त पेचिलो बन्दै गएको छ । प्राय: एकात्मक र संघीयात्मक गरी दुई प्रकारका शासन व्यवस्था सञ्चालनमा आइराखेका छन् । राज्यको उत्पति र विकास जनताको सर्वतोमुखी भलाइका लागि हुनुपर्दछ भन्ने मान्यता छ, राज्यले आफ्ना क्रियाकलापहरु केन्द्रित गर्नुपर्ने अवस्था भएकाले जनताको पक्षमा काम गर्ने शासन प्रणालीका सम्बन्धमा विभिन्न प्रकारका शासकीय व्यवस्थाहरुको अवलम्बन र प्रयोग हुँदै आएको छ ।

जनताका लागि गरिने शासन भनेको प्रजातान्त्रिक शासन व्यवस्था भएकोले यसले केही महत्वपूर्ण पक्षलाई सम्बोधन गर्नुपर्ने सर्वमान्य मान्यता रहँदै आएको छ । राज्यको क्रियाकलापहरुमा जनताको पूर्णरुपमा सहभागिता सुनिश्चित गर्नका लागि संरचनात्मक व्यवस्थापन र कानुनी प्रबन्ध गर्दै व्यवहारमा कार्यान्वयन हुनुपर्दछ । सबै क्षेत्र, वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न बालिग मताधिकारको आधारमा निर्वाचनमार्फत प्रतिनिधित्व गराउनुपर्ने व्यवस्थासहितको आवधिक निर्वाचनको विकल्प हुँदैन । समताको माध्यम अवलम्बन गर्दै समानताको गन्तव्य निर्धारण गर्नुपर्दछ । सबै वर्ग, क्षेत्र, धर्म, समुदाय, सीमान्तकृत वर्ग, दलित, पछाडि परेका वर्ग, क्षेत्र, आदिवासी, महिला सबैलाई राज्य संयन्त्रमा पूर्णरुपमा सरिक गराएर अधिकार प्रदान गरी पछि परेकालाई विकसित समूहकै समान स्तरमा पुऱ्याउने उद्देश्यसहित राज्यले सशक्तीकरण, सबलीकरण र मूल प्रवाहीकरण गर्ने सोचका साथ समावेशीकरणको नीति तथा सो नीतिअनुरुप विशेष कार्यक्रमहरुमार्फत हस्तक्षेपकारी क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ ।

सबैलाई समन्याय एवं सामाजिक न्याय प्रदान गर्न लोकतान्त्रिक व्यवस्था सक्षम हुनुपर्दछ । सबैले आफ्नो पहिचानको सुनिश्चितता र सम्मान प्राप्त गर्नुपर्दछ । राज्यका विविध संरचना तह एवं क्रियाकलापहरुमा सहज पहुँच कायम गर्ने प्रकारको पद्धतिको विकास गरिनु अपरिहार्य हुन्छ । कानुनको प्रयोग सबैमा समानरुपमा गरी न्याय प्रदान गर्न सक्नुपर्दछ । देश सार्वभौम हुनुपर्ने र राज्य सञ्चालनको लागि शक्तिको स्रोतका रुपमा जनतालाई लिई जनता र शासकीय इकाइहरु स्वतन्त्र हुनुपर्ने, सबै क्षेत्रमा उत्तरदायित्वको भावना अत्यन्त सबल भई जवाफदेहिताको निर्वाह हुने प्रकारको संवैधानिक प्रत्याभूति गरिनुपर्ने, जनताले राज्यका क्रियाकलापहरु, रणनीतिहरु, योजनाहरु सबैमा स्वामित्व ग्रहण गर्ने स्थिति कायम गरी पूर्ण लोकतान्त्रिक शासन सञ्चालन हुनुपर्ने वातावरण बनिराखेको छ । लोकतन्त्रका सर्वमान्य मूल्य र मान्यताहरु समेटिएको संघीय शासन प्रणालीप्रति आधुनिक युगमा आकर्षण बढ्दै गएको र प्रजातन्त्रलाई समावेशी नीतिका आधारमा सञ्चालन गर्ने परिपाटीले प्राथमिकता प्राप्त गरिराखेको छ ।

त्यसैले शासन प्रक्रिया विशुद्ध जनताको भलाइमा केन्द्रित रही अघि बढ्नुपर्नेमा यसमा कन्जुस्याइँ गरेमा लोकतन्त्र सुदृढ हुन नसक्ने र सुदृढ लोकतन्त्रको अभावमा संघीयता कार्यान्वयन सफलतापूर्वक हुन नसक्ने पाठ गैर लोकतान्त्रिक देशहरुले सिकिसकेको अवस्थाबाट प्रस्ट हुन आएको छ । त्यसैले प्रजातन्त्रको विकल्पमा संघीय शासन व्यवस्था सफलताका साथ अघि बढ्न सक्तैन । वर्तमान समयमा विश्वका छब्बीस देशहरु र चालीस प्रतिशत जनसंख्याले संघीय शासन प्रणाली अवलम्बन गरिआएका छन् । एकात्मक शासनबाट संघीय शासनमा रुपान्तरण हुने प्रक्रियाले निरन्तरता प्राप्त गर्दै छ । यदि विश्व जनमत संघीय शासनतर्फ आकर्षित भइराखेको सन्दर्भमा यसको अवधारणाका बारेमा संक्षिप्तमा उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

संघीय शासन व्यवस्थामा एकभन्दा बढी तहका सरकारद्वारा शासन गरिने भएकाले यसलाई बहुल शासकीय प्रणाली भनिन्छ । कुनै विशेष उद्देश्य पूर्तिका लागि बनेको वा समान उद्देश्य लिएका धेरै संगठित समूहहरुद्वारा साझा प्रतिबद्धताका आधारमा सञ्चालित पद्धतिका रुपमा लिइन्छ । सीमित अधिकारहरु जस्तै- वैदेशिक नीति, मौद्रिक व्यवस्था, रक्षा आदि भूमिका संघीय तहमा राखी अरु अधिकारहरु सबै स्वायत्तताका आधारमा निर्बाधरुपमा केन्द्रबाहेकका तल्ला तहका सरकारहरुद्वारा प्रयोग गर्ने शासकीय पद्धति हो । केन्द्रीय सरकारभन्दा तल्लो तहका सरकारले संवैधानिक रुपमा निश्चित अधिकारहरु अभ्यास गर्न पाउने, कुन अधिकार कुन तहलाई कसरी प्रयोग गर्न दिने भन्ने कुराको प्रस्ट निर्णय संविधानद्वारा नै हुने तथा तोकिएका अधिकारहरुमा केन्द्रीय सरकारको नियन्त्रण नहुने गरी व्यवस्थित गरिएको स्वायत्त राज्य, प्रान्त, प्रिफेक्चर वा स्थानीय सरकारसहितको एकीकृत राज्य प्रणाली नै संघीयता हो ।

यस्तो शासन प्रणालीमा प्राय: सबै तहका सरकारहरुको आ-आफ्नै पृथक विधान हुन्छ र त्यही दस्तावेजका आधारमा शासन सञ्चालन गर्ने गरिएको हुन्छ । केन्द्रले राष्ट्रिय एकताको सूत्रमा सबै राज्य वा प्रान्त वा शासकीय इकाइहरुलाई आबद्ध गरेको हुन्छ, यस प्रयोजनका लागि कतिपय अधिकारहरु विभिन्न सरकारहरुले संयुक्तरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको हुन्छ । यस शासन प्रणालीमा लोकतान्त्रिक मूल्य मान्यतालाई पूर्णरुपमा अवलम्बन गरिने भएकाले सर्वसत्तावाद, निरंकुशतन्त्रमा आधारित साम्यवादमा गरिएको संघीयताको प्रयोग असफल साबित भएको छ, यसको ज्वलन्त उदाहरणका रुपमा तत्कालीन सोभियत संघलाई लिन सकिन्छ ।

संघीयतामा स्थानीय तहको सरकार जहाँ यथार्थतामा जनता रहेका हुन्छन्, बढी महत्वपूर्ण हुन्छ । संघीयतामा तीन तहका सरकार रहँदा स्थानीय सरकार वा तहलाई विशेषरुपमा सबल बनाउन जरुरी हुन्छ । यसका लागि संघीय शासन प्रणालीका अधिकार वा शक्तिको बाँडफाँडका सम्बन्धमा केही सिद्धान्तहरु तयार गरी प्रयोगमा ल्याउने गरिएका छन् । संविधान र कानुनमा उल्लेख भएबाहेकका कार्यहरुको जिम्मेवारीसम्बन्धी सिद्धान्तले यदि स्पष्ट गर्न सकिएको छैन भने स्वत: स्थानीय सरकारलाई दिने, केन्द्रको अधिकार प्रान्त हुँदै स्थानीय तहसम्म पुऱ्याउने, केन्द्रबाट सम्पादन गर्नुभन्दा स्थानीय तहबाट गर्न सहज हुने अधिकार स्थानीय तहलाई नै दिने । अर्को सिद्धान्त हो, परिपूरकतामा आधारित सन्निकटताको सिद्धान्त, यसअनुसार स्थानीय तहबाट सम्पादन हुन सक्ने काम जनताकै नजिकको निकायबाट सम्पादन गरिनु उपयुक्त हुने, स्थानीय सरकार र सामाजिक सामुदायिक संस्थालाई संविधान र कानुनद्वारा अधिकार दिइने, माथिल्लो निकाय र तल्लो तहलाई स्रोत, साधन, जिम्मेवारी र क्षमता विकासमा निरन्तर सहयोग हुने, अधिकार र स्रोत-साधन स्थानीय तहबाट बाँडफाँड गर्दै क्रमश: प्रान्त तथा केन्द्र सरकारलाई सुम्पनेजस्ता विषयहरु समेटिएका छन् ।

यी सिद्धान्तहरुबाट संघीय शासन प्रणालीको केन्द्रविन्दु स्थानीय सरकारमार्फत प्रत्यक्षरुपमा जनता भएको स्वीकार गरिएको छ । त्यसैले स्थानीय सरकार भनेको सार्वभौम जनताले बालिग मताधिकारको आधारमा निर्वाचित गरेका प्रतिनिधिहरुले कानुनप्रदत्त काम, कर्तव्य, अधिकार, जिम्मेवारी र जवाफदेहिताका साथ स्थानीय तहको शासन सञ्चालन गर्ने सर्वव्यापी र अनिवार्य संरचना हो । यसलाई परिपूरकतामा आधारित सन्निकटताको सिद्धान्तअनुसार स्थानीय तहको शासकीय प्रबन्ध गर्ने तथा शासनमा जनताको सर्वोपरितालाई जनप्रतिनिधिमार्फत अभिव्यक्त गर्ने मूल थलोको रुपमा लिइन्छ । यथार्थतामा जनस्तरमा नै सेवा-सुविधाको प्रबन्ध र विकास निर्माणका कार्यसम्पादन जनताकै माग, इच्छाअनुसार गर्ने सबैभन्दा नजिकको सरकारका रुपमा स्वीकार गरिएको छ । यसबाट स्थानीय स्वायत्त शासनलाई प्रभावकारी बनाउने एक पूर्ण र स्वायत्त शासकीय संरचनाको विकास गरिएको हुन्छ । यस अर्थमा स्थानीय सरकार संघीय शासन व्यवस्था वा प्रजातन्त्रको मूल आधार हो ।

स्थानीय सरकारलाई सबल बनाउने अभिप्रायले नेपालको संविधानमा प्रस्ट व्यवस्था गरिएको छ । त्यस्तै स्थानीय सरकारको सर्वमान्य सिद्धान्त र परिभाषाअनुरुप भौगोलिक, आर्थिक, सामाजिक, प्रशासनिक समन्वय र सेवा प्रवाहका दृष्टिले उपयुक्त र सक्षम इकाइका रुपमा पुनर्संरचना गरिएको छ । स्थानीय सरकारमा व्यवस्था गरी संविधानले नै पूर्ण स्वायत्तता प्रदान गरी अनुसूचीमा यस सरकारले गर्ने कार्यहरु निश्चित गरिएको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# विश्वकपअघि नेपालले ध्यान दिनुपर्ने ७ पक्ष

काठमाडौं/अमेरिका र वेष्टइण्डिजमा एक सातापछि हुने टी-२० विश्वकप नेपालले १० वर्षपछि खेल्दैछ । तीव्र गतिका बलर सोमपाल कामीबाहेक अन्य सबै खेलाडीले पहिलो पटक टी-२० विश्वकप खेल्नेछन् ।

विश्वकपमा नेपाल रहेको समूह डी मा दक्षिण अफ्रिका, बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्स छन् । विश्व क्रिकेटका पावर हाउस देशसँग सिरिज खेल्न, विश्वका चर्चित विदेशी फ्रेन्चाइज लिगहरुमा पुग्न र टेस्ट मान्यता पाउने लक्ष्य हासिल गर्न नेपालले विश्वकपमा शानदार प्रदर्शन गर्नुपर्छ । यस पटकको विश्वकपमा नेपालले कम्तीमा नेदरल्यान्ड्ससहित एक टेस्ट टोलीलाई हराउँदै सुपर-८ खेल्ने लक्ष्य राखेको छ ।



टी-२० क्रिकेटको कुनै पनि भर हुँदैन । एकै ओभर वा बलले पूरा खेल मोड्न सक्छ । तर सुपर-८ मा पुग्न सामान्य प्रदर्शन भने पर्याप्त हुँदैन ।

### १. बलिङमा लाइन एण्ड लेन्थ

नेपालका तीव्र गतिका बलरमा विश्वस्तरीय ब्याटरलाई जित्न सक्ने गति छैन । नेपालका प्रमुख तीव्र गतिका बलर सोमपाल कामी र करण केसीको नियमित बलिङ गति १३०/१३५ किलोमिटर प्रतिघण्टा छ ।

नेपालबाट सर्वाधिक गतिमा हालसम्म सोमपाल कामीले १४१ किलोमिटर प्रतिघण्टा बलिङ गरेका छन् । प्रतिश जिसी, गुल्शन झा र कमलसिंह ऐरी र अविनाश बोहराको बलमा पनि उल्लेख्य गति छैन ।

तर टेष्ट मान्यता पाएका टोलीहरु नियमित १४० देखि १५५ किलोमिटर प्रतिघण्टाको गतिको बलसँग खेल्ने गर्दछन् । त्यसैले नेपालविरुद्ध सहजै रन बनाउन सक्छन् । नेपाली बलरले बलिङमा भेरिएसन, अनुशासित लाइन एण्ड लेन्थ र योर्करमा ध्यान दिनुपर्छ ।

### २. मध्यक्रम र तल्लोक्रमका ब्याटरबाट राम्रो प्रदर्शन आवश्यक

नेपालको १५ खेलाडीमा सागर ढकाल, अभिनाश बोहरा र ललित राजवंशी बाहेक अन्य सबैले राम्रो ब्याटिङ गर्न सक्छन् । तर जित शीर्ष तीन ब्याटरको रनमा बढी निर्भर देखिन्छ ।

सधैं शीर्षक्रम चल्छ भन्ने हुँदैन । शीर्षक्रमका ब्याटरले राम्रो प्रदर्शन गर्न नसकेको दिन मध्यक्रम र तल्लोक्रमका खेलाडीले उक्त जिम्मेवारी लिनुपर्छ । वेष्टइण्डिज ए सँग पहिलो टी-२० खेलमा नेपालले २०५ रनको लक्ष्य १९.४ ओभरमा ६ विकेट गुमाउँदै पूरा गर्दा नेपालका शीर्षक्रमका ब्याटरले ६७.८५ र बाँकीले ३२.१५ प्रतिशत योगदान दिएका थिए ।

पाँचौं खेलमा वेष्टइण्डिज एलाई ६ विकेटले पराजित गर्दा शीर्ष तीन नेपाली ब्याटरको योगदान ७४.३९ प्रतिशत थियो । दोस्रो खेलमा नेपालले वेष्टइण्डिज ए सँग १६१ रनको लक्ष्य पछ्याउनेक्रममा २० ओभरमा ९ विकेट गुमाउँदै १५० रन बनाएको थियो । शीर्ष तीन ब्याटरले १४.०८ प्रतिशत र अन्यले ८५.९१ प्रतिशत थियो ।

गत वैशाखमा एसीसी प्रिमियर कपको सेमिफाइनलमा नेपाल यूएईसँग ६ विकेटले पराजित हुँदै एसिया कपको अवसर गुमाएको थियो । नेपालले २० ओभरमा ११९ रन जोड्दा शीर्षक्रमका तीन ब्याटरले औसतमा १३ रन बनाएका थिए । शीर्ष तीन नेपाली ब्याटरको योगदान ११.५० प्रतिशत र बाँकीको ८८.४९ प्रतिशत थियो । यी केही उदाहरण हुन् ।

'सिनारियो त्यस्तै बनेको छ । कुशल भुर्तेल र रोहित पौडेलले रन बनाएको खेलमा जित निकाल्न सहज भएको छ । मध्यक्रममा दीपेन्द्रसिंह ऐरी र कुशल मल्ल छन् । कुशल भुर्तेल १० ओभर सम्म टिकेमा खेल जित्ने सिनारियो बन्दै आएको छ', क्रिकेट विश्लेषक रवि तिमिल्सिनाले भने ।

### ३. डेथ ओभरमा राम्रो बलिङ

टी-२० फर्म्याटमा नेपालको प्रमुख कमजोरी नै डेथ ओभर (१५-२० ओभर) बलिङ हो । डेथ ओभर स्पेलिष्ट अभिनाश बोहराले वेष्टइण्डिज ए विरुद्ध सिरिजमा योर्करका साथ केही सुधारको संकेत दिएका थिए । त्यसअघि उनको प्रदर्शन खासै सम्झनलायक थिएन ।

यसपटक डेथ ओभरमा उनको विकल्प तयार नहुँदा विश्वकपमा जान पाए । विश्वकपमा अभिनाशले खराब प्रदर्शन गर्दा प्रतिश जिसी विकल्पमा छन् । तर उनले निकै कम खेल खेल्ने अवसर पाएका छन् । नेपालसँग दोस्रो डेथ ओभर स्पेलिष्ट बलर भने छैन । नेपालले डेथ ओभरमा दीपेन्द्रसिंह ऐरीलाई प्रयोग गर्दै आएको छ । करण केसीले पनि राम्रो गर्दै आएका छन् ।

दक्षिण अफ्रिका, श्रीलंका र बंगलादेशमा राम्रो फिनिसर छन् । डेथ ओभरमा कमजोर बलिङले मनोबल र मोमेन्ट्स दुबै गुमाउँछ । डेथ ओभर सम्बन्धि विशेष योजना आवश्यक देखिन्छ ।

### ४. जिम्मेवारी र सही सट छनोट

अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली ब्याटरको खराब ब्याटिङको मुख्य कारण नै गलत सट छनोट र गैर जिम्मेवारीपन हो । उनीहरु विपक्षी बलर भन्दापनि आफ्नै कारण बढी आउट हुने गरेका छन् ।

ठूलो सट खेल्न खोज्दा सही सट छनोट गर्न नसक्नु, डट बलपछि दबाबमा आएर ब्याट घुमाउनु, क्रिजमा जिम्मेवारी र धैयर्ता देखाउन नसक्नु कमजोरीको रुपमा रहँदै आएका छन् ।

### ५. पहिला ब्याटिङ गर्दा विशेष ध्यान

ठूला टोलीविरुद्ध पहिला ब्याटिङ गर्दा नेपालको नतिजा त्यति राम्रो छैन । वेष्टइण्डिज ए विरुद्ध नेपालले पाँच खेलको सिरिजमा दुई खेल जितेको थियो । दुबै खेल लक्ष्य पछ्याउँदा थियो ।

एसीसी प्रिमियर कपको सेमिफाइनलमा यूएईसँग र तेस्रो स्थानमा हङकङसँग नेपाल पहिला ब्याटिङ गर्दै हारेको थियो । मार्चमा त्रिकोणात्मक टी-२० आई सिरिजको फाइनलमा नेदरल्यान्ड्सँग १८४ रन बचाउन सकेको थिएन ।

लक्ष्य पछ्याउँदा एउटा निश्चित लक्ष्य हुन्छ । तर पहिला ब्याटिङ गर्दा विशाल योगफलको सोच हुन्छ । त्यही विशाल योगफलमा पुग्न ठूला सट खेल्ने धुनमा विकेट गएपछि टोली समस्यामा पर्ने गर्दछ । यो कमजोरीमा नेपालले ध्यान दिनुपर्ने हुन्छ ।

'टस हाम्रो हातमा हुँदैन । लक्ष्य हेरेर खेल्दा हामी जितिराखेका छौं । सुरुमा ब्याटिङ गर्न पर्‍यो भने हाम्रो बलिङ अनुसार २०० रन माथि आवश्यक छ । स्पिनले राम्रो गर्न सके १८० पनि बचाउन सकिन्छ', विश्लेषक तिमिल्सिना बताउँछन् ।

### ६. उच्च मनोबल आवश्यक

क्रिकेटमा विपक्षी टोली कस्तो र कस्ता खेलाडी छन् त्यसले फरक पार्दैन । खेल अवधिमा राम्रो बल र ब्याटिङ गर्न सक्नेले नै जित्ने हो । नेदरल्यान्ड्सले २०२२ मा टी-२० र २०२३ मा एकदिवसीय विश्वकपमा दक्षिण अफ्रिकालाई हराएको थियो ।

गत नोभेम्बरमा युगान्डाले टेस्ट टोली जिम्बावेलाई हराएर विश्वकप खेल्दैछ । २०२२ कै विश्वकपमा नामिबियाले श्रीलंकालाई हराएको थियो । साना देशले ठूलालाई स्तब्ध बनाएका विश्व क्रिकेटमा थुप्रै उदाहरण छन् ।

त्यसको लागि खेलाडीको मनोबल उच्च हुनुपर्छ । नेपाल पछिल्लो समय ४० भन्दा बढी अन्तर्राष्ट्रिय खेलका साथ विश्वकप खेल्दैछ । खेलमा कुनै कमी छैन । मनोबलमा कमी नभए नतिजा राम्रो आउन सक्छ ।

### ७. कन्डिसन अनुसार प्रदर्शन

देश बाहिर कमजोर प्रदर्शन नेपालको सधैंको समस्या हो । त्यसको मुख्य कारण कन्डिसन अनुसार खेल्न नसक्नु हो । तर खेलाडी भएपछि हरेक कन्डिसन तुरुन्दै बुझ्दै त्यसै अनुसार खेल्न सक्नुपर्छ । त्यसले कन्डिसन बुझ्न सजिलो हुनेछ ।

विश्वकप सुरु हुनु भन्दा एक महिनाअघि नै नेपाल अमेरिका र वेष्टइण्डिज आएर अभ्यास गरेको छ । नेपालका कप्तान रोहित पौडेल कन्डिसन बारे भन्छन्, 'हामीलाई मुख्य त वेष्टइण्डिजको कन्डिसन हेर्नु थियो । किनभने हाम्रो दुई खेल त्यहाँ छ । हामी यहाँको कन्डिसनबारे जानकार भइसक्यौं । विश्वकपलाई एकदमै उत्साहित छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# फेसन फेस्टिभलमा डिजाइनरका नवीनतम सिर्जना

ललितपुर/फेसन नेटवर्क नेपालले सानेपाको हेरिटेज प्लाजामा आयोजना गरिरहेको फेसन फेस्टिभलमा रनवे आयोजना गरिएको छ । प्रशान्त ताम्राकारद्वारा कोरियोग्राफी गरिएको शोमा केही साताअघि अडिसनबाट छनोट भएका मोडलले विभिन्न डिजाइनरद्वारा तयार पारिएका पहिरन प्रदर्शन गरेका थिए ।




शोमा नमूना कलेज अफ फेसन टेक्नोलोजी, आईआईएफटी स्कूल अफ फेसन एण्ड इन्टेरियर सहितका कलेजका फेसन डिजाइनिङका विद्यार्थीले तयार पारेका पहिरनहरु प्रदर्शन गरिएका थिए । फेस्टिभलमा शनिवार तथा आइतवार साँझ पनि फेसन शो आयोजना गरिँदै छ ।

शुक्रवारको शोमा परी कस्मेटिक्सकी दीपा गुरुङ, ज्वाला राज डिजाइन्स, सिम्रिक डिजाइन्स स्टुडियोकी प्रज्ञा चित्रकार, आइआइएफटी तथा नमूना कलेज अफ फेसन टेक्नोलोजीका डिजाइनरहरुले तयार पारेका पहिरनहरु प्रदर्शन गरिएको थियो ।

शोको पहिलो सिक्वेन्स 'परी'मा परी कस्मेटिक्सकी दीपा गुरुङले तयार पारेका पहिरनलाई मोडेल प्रकृति, सुरूचि, आयुष्मा, यञ्जु, प्राची, सारा, सिफाली, प्राची एले प्रदर्शन गरेका थिए ।

दोस्रो सिक्वेन्स 'ज्वाला'मा मेनाल्ड, रोनिश, तौफिक, साइरस, लोकेश, उत्सव, कृषाल, लकी तथा अंकितले विभिन्न पहिरन प्रदर्शन गरेका थिए । यो सिक्वेन्समा रनुशा, एलिशा, कविता तथा दीप्तिले पनि पहिरन गरेका थिए ।

तेस्रो सिक्वेन्समा प्रज्ञाका पहिरनलाई सितोष्मा, रिया, सुविना, क्रिस्टल, अनिशा, सम्पदा, इरिका तथा युक्ताले प्रदर्शन गरेका थिए ।

चौथो सिक्वेन्समा आइआइएफटीका डिजाइनरले तयार पारेका पहिरनलाई मोडलहरु प्रकृति, सुरुचि, आयुष्मा, यज्जु, याश्ना, प्राची, सारा, सिफाली तथा प्राची एले प्रदर्शन गरेका थिए ।

नमूना कलेजका फेसन डिजाइनरका विद्यार्थीको पहिलो समुहले तयार पारेका पहिरनहरु मेघना, दीप्ति, टीका, निरिश्मा, रुपा, रनुशा, एलिशा, कविता तथा पुरुष मोडेलहरु कृषाल, रोनिष, तौफिक, लोकेशले प्रदर्शन गरेका थिए ।

लोगोका पहिरन भने मिनाल्ड, रोनिष, तौफिक तथा लोकेशले प्रदर्शन गरेका थिए । जुजुका पहिरनहरु भने कृषाल, उत्सव, रोनिश, मेनाल्ड तथा लकीले प्रदर्शन गरेका थिए । फेसन शोको अन्तिम सिक्वेन्समा टरी मटियानाका पहिरन सितोष्मा, रिया, सुविना, क्रिस्टल, अनिशा, सम्पदा, इरिका तथा युक्ताले प्रदर्शन गरे । शनिबार बेलुका भएको फेसन शोमा एमा रेजभोल, जेबीजी बेसपोक, ईन्टा अटायर, हेमजा, लोगों फेसन तथा नमूना कलेज अफ टेक्नोलोजीका डिजाइन प्रदर्शन गरेका छन् ।

# शनिबार पनि चम्किए 'पूजार सार्की' र 'फर्की फर्की'

काठमाडौं/बुद्ध जयन्तीको सार्वजनिक विदा पारेर बिहीबारबाट प्रदर्शनमा आएका दुई फिल्म 'पूजार सार्की' र 'फर्की फर्की'ले हलमा दर्शकको मेला लगाएका छन् । सानदार ओपनिङ गरेका दुवै फिल्म शनिबार पनि बक्स अफिसमा चम्किएका छन् । बिहानैदेखि देशभरका हलमा दुवै फिल्मप्रति दर्शकको क्रेज अद्‍भूत देखिन्छ । दुवै फिल्मले प्राप्त गरेको शोजमा मध्यान्हबाट शतप्रतिशत अकुपेन्सी छ ।



'पूजार सार्की'ले पारिवारिक र युवापुस्ता दुवै वर्गका दर्शकलाई हलमा आकर्षिक गरेको देखिन्छ । लौरोको साहरामा वृद्ध-वृद्धादेखि काखमा बच्चा लिएर समेत फिल्म हेर्न पुगेका छन् । फिल्मका तीन अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको क्रेज पनि हलमा गजब देखिएको छ । यसले उनीहरुको स्टारडम एकपटक फेरि प्रमाणित गरेको फिल्म क्षेत्रमा विश्लेषण भइरहेको छ ।

फिल्मले काठमाडौं उपत्यकासहित मोफसलका ठूला सहरहरु इटहरी, विर्तामोड, नेपालगञ्ज, विराटनगर, बुटवल, चितवन, पोखरा, दमौली, हेटौंडा लगायतका हलमा शनिबार बिहानैदेखि हाउसफुल व्यापार गरिरहेको जानकारी प्राप्त छ । साँझका कति शोजहरु दिउँसोबाटै हाउसफुल भैसकेका छन् भने कति भरिने क्रममा छन् । फिल्मले शनिबार एक करोड माथिको व्यापार गर्ने प्रक्षेपण छ ।

आर्यन विरामी र पल जापान प्रदर्शनमा गएकाले शनिबार प्रदीपले फिल्मका अभिनेत्रीद्वय अञ्जना बराइली र परीक्षा लिम्बूको साथमा काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकहरुको प्रतिक्रिया बुझिरहेका छन् । फिल्म हेरेका दर्शक सन्तुष्ट भएकोमा उनी खुसी देखिए । दर्शकबाट बलियो 'वर्ड अफ माउथ' मिलेकाले 'पूजार सार्की' एकदमै बलियो र रुचाइएको फिल्म बन्छ भन्नेमा उनी विश्वस्त छन् ।

आफ्नो भूमिका र अभिनय दर्शकहरुले रुचाएकोमा पनि उनले खुसी व्यक्त गरे । उनी अगाडि भन्छन्, 'अहिलेसम्म दर्शकले मलाई प्रेम भनिरहनुभएको थियो । अब मैते पनि भन्नुहुन्छ भन्ने विश्वास थियो । अहिले त्यही किसिमको प्रतिक्रिया मिलेको छ । पर्दामा मैते आउँदा दर्शकले एकदमै रमाइलो मान्नुभएको छ । फिल्म इन्डस्ट्रीबाट पनि प्रशंसा भइरहेको छ । यो मेरो लागि खुसीको कुरा हो ।'

त्यस्तै, 'फर्की फर्की'ले पनि प्रदर्शनको दिनदेखि उत्साहप्रद व्यापार गरिरहँदा अभिनेता अनमोल केसी र अभिनेत्री जसिता गुरुङले काठमाडौंमा विभिन्न हलहरुमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेका छन् । फिल्मप्रति युवापुस्ताको बढी आकर्षण देखिएको छ । शनिबार यो फिलमको व्यापार पनि एक करोडमाथि हुने आँकलन छ । पहिलो दिन दुवै फिल्मको व्यापार ८० लाख नजिक थियो ।

# ढल्केबर-इनरुवा प्रसारण लाइन अन्तिम चरणमा

काठमाडौं/ढल्केबर-इनरुवा चार सय किलोभोल्ट प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालगायत अन्य आयोजनाबाट उत्पादित बिजुली देशका पूर्वी भेगमा प्रवाह गर्ने हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको आयोजनाका प्रमुख श्याम यादवले बताए ।

'पूर्वी खण्डको काम सम्पन्न हुने चरणमा छ । ढल्केबर पश्चिम खण्डमा भने विभिन्न स्थानमा अझै पनि अवरोध छ । अवरोध हटाएर आयोजना सम्पन्न गर्न हामी लागिपरेका छौं', उनले भने ।

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना सुरु गरिए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगलगायत समस्याका कारण रुग्ण बन्दै आएको छ ।

पूर्वी खण्डको काम सम्पन्न भएपछि माथिल्लो तामाकोशी लगायत आयोजनाको बिजुली पूर्वी भागका औद्योगिक क्षेत्रमा मागअनुसार आपूर्ति गर्न सहज हुनेछ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभन्ज्याङबाट सुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसन सम्मको प्रसारण लाइनको लम्बाइ दुई सय ८८ किलोमिटर छ ।

पूर्वी खण्डको काम प्रायः पूरा भएकाले उद्घाटनको तयारी भएको तथा त्यसनिम्ति ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई अनुरोध गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी विगत ११ वर्षदेखि काम जारी छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । धेरै जसो टावरको काम भए पनि स्थानीयवासीले प्रसारण लाइनको मार्ग स्थानान्तरण गरिदिन माग गर्दै अवरोध गरेका कारण बाँकी ३५ वटा टावरको काम नै रोकिएको छ । मोरङ-सुनसारी औद्योगिक करिडोरलगायत समग्र पूर्वी नेपालको माग धान्नका लागि भारतबाट थप विद्युत् आयात तथा वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्ने दबाबमा प्राधिकरण छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले रणनीतिक महत्वका हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो ठूलो विपत् आउनसक्ने बताए । कूल ४००/२२० केभी क्षमताका तीनवटा सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ ।

हेटौँडा उपमहानगरपालिका वडाहरु १५, १६ तथा १७ स्थिति हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ । हटिया क्षेत्रमा १४, हेटौँडा-११ स्थित थानाभन्ज्याङमा दुई र जियाजोर क्षेत्रमा आठवटा टावर निर्माणमा अवरोध छ । थानाभन्ज्याङमा रहेको सबस्टेसनमा लाइन जडानका लागि दुईवटा टावर निर्माण गर्नुपर्नेछ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुनेछन् ।

स्थानीयको अवरोध अन्त्य गर्न प्राधिकरणको निरन्तर प्रयास जारी छ । यद्यपि यसमा सफलता प्राप्त भएको छैन । प्रसारण लाइन मकवानपुरबाट बारा-रौतहट,-सर्लाही-महोत्तरी-धनुषा-सिराहा-उदयपुर-सप्तरीहुँदै सुनसरीको इनरुवासम्म निर्माण हुनेछ ।

प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायत कारणले निर्माण प्रभावित भएको छ । कूल ३० महिनामा निर्माण सम्पन्न गर्ने २०६९ सालको माघमा ठेक्का सम्झौता भएको थियो ।

हेटौँडा-ढल्केबर-इनरुवा चार सय ४० केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३ मिटर हुनेछ । आयोजनाले पाँच सय १८ हेक्टर वन क्षेत्रमा रहेका रूखहरु काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिम अधिग्रहण गर्नुपर्नेछ । मार्गाधिकारमा चार सय ७५ हेक्टर निजी जग्गा र एक सय ७१ वटा घर तथा अन्य संरचना प्रभावित हुनेछन् ।

*(स्रोत: अनलाइनखबर)*

# सडक विभाग बाहिर काठमाडौं महानगरले थुपारिदियो धुला

काठमाडौं/काठमाडौं महानगरपालिकाले सडक विभाग र डिभिजन सडक कार्यालय काठमाडौं बाहिरको सडकमा धुलो थुपारिदिएको छ । चक्रपथको कलंकी- महाराजगञ्ज सडक खण्ड निर्माण नहुँदा नागरिकले धुलोको प्रदूषण ब्यहोर्नुपरेको भन्दै महानगरको ब्रुमरले संकलन गरेको धुलो बबरमहलस्थित सडक विभाग बाहिर र मीनभवनस्थित डिभिजन सडक कार्यालय काठमाडौं बाहिर थुपारेको हो ।

मेयर बालेन शाहले भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठलाई पायक पर्ने ठाउँमा धुलो थुपारेको फेसबुकमा लेखेका छन् । उनले शनिबार लेखेका छन्, 'यो धुलो जनताले मात्र खाँदा राम्रो देखिदैन । जबसम्म तपाई काम अगाडि बढाउनुहुन्न, हरेक दिन तपाईंलाई पायक पर्ने ठाउँमा एक ट्रक धुलो उपहार पठाउने छु ।'

महानगरपालिकाका पूर्वाधार सल्लाहकार सुनिल लम्सालका अनुसार धुलो नियन्त्रणका लागि संघीय सरकारले सहयोग नगरेका कारण यो कदम चालिएको हो । 'ब्रुमरले बिहान धुलो सफा गर्‍यो भने दिउँसो धुलो भइसक्छ', उनले भने । मेयर बालेन शाहले कलंकीदेखि महाराजगन्जसम्म चक्रपथ विस्तारका कारण त्यस क्षेत्रका बासिन्दाले १५ वर्षदेखि धुलो र कष्ट ब्यहोर्नुपरेको बताएका छन् ।

'काठमाडौंमा हुने आधा भन्दा बढी प्रदुषणमा त्यहाँ कै धुलोको हात छ, जसले गर्दा महानगरवासीले धुलोधुँवा खानुपरेको छ, त्यो बाटो प्रयोग गर्नुपर्नेहरूले सवारी साधन मर्मतमा खर्च बढी गर्नुपरेको छ, पुग्न अबेला भोग्नुपरेको छ । र, काठमाडौं महानगरले अकारणमा गाली खानुपरेको छ', उनले लेखेका छन् ।

# पूर्णिमाले एउटै याममा तीन पटक चढिन् सगरमाथा

काठमाडौं/फोटो पत्रकार पूर्णिमा श्रेष्ठले एउटै याममा तीन पटक विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेर विश्व किर्तिमान कायम गरेकी छन् ।

वसन्त ऋतुमा जारी सगरमाथा आरोहणमा उनले शनिबार बिहान सगरमाथाको चुचुरोमा तेस्रो पटक पाइला टेकेर उक्त कीर्तिमान बनाएकी हुन् । पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङले आरोही श्रेष्ठले बिहान ५:५० बजे सगरमाथाको सफल आरोहण गरेको जानकारी दिए ।

पत्रकार श्रेष्ठ एउटै याममा तीन पटक सगरमाथा आरोहण गर्ने पहिलो महिला बनेकी छन् । उनको योसहित सगरमाथा आरोहण चौथो पटक हो । श्रेष्ठले यसअघि यही याममा मे १२ तारिखमा पहिलो पटक तथा मे १९ मा दोस्रो पटक सगरमाथाको सफल आरोहण गरेकी थिइन् ।

गोरखाको आरुघाट गाउँपालिका-१० की श्रेष्ठले सन् १०१८ मा पहिलो पटक सगरमाथा आरोहण गरेकी थिइन् । उनले सगरमाथासहित विश्वका विभिन्न हिमाल आरोहण गरिसकेकी छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'स्टार सिस्टम' सकिनुपर्छ : निर्देशक भंसाली

एजेन्सी, काठमाडौं/ निर्देशक सञ्जय लीला भंसालीको बलिउडमा अग्लो नाम छ । उनले बनाएका फिल्मले बलिउडलाई नै नयाँ दिशा दिने गरेका छन् ।

विशेषगरी पिरियड ड्रामा (इतिहासको कालखण्ड वा पात्रमाथि) फिल्म बनाउन रुचाउने उनीसँग बलिउडका एकसेएक 'स्टार' काम गर्न चाहन्छन् । तर, उनी भने 'स्टार सिस्टम' नै हुनुहुँदैन भन्ने पक्षमा देखिन्छन् । बलिउडलाई कलाकार चाहिएको उनको तर्क छ ।

'स्टार' र कलाकारको मुद्धामा निर्देशक भंसालीले हालै एक अन्तर्वार्तामा भनेका छन्, 'हाम्रो इन्डस्ट्रीमा कलाकारको आवश्यकता छ । 'स्टार सिस्टम' सकिनुपर्छ । यद्यपि, केही यस्ता 'स्टार' पनि छन्, जो राम्रो कलाकार हुन् । त्यस्ता 'स्टार'सँग मैले पनि काम गरेको छु । यसर्थ उनीहरु कलाकार हुन् ।' भंसाली अब चाँडै रणवीर सिंह र आलिया भट्टलाई लिएर फिल्म 'लभ एण्ड वार' बनाउँदैछन् ।

उनले निर्देशन गरेको पहिलो वेब सिरिज 'हीरामण्डी' अहिले चर्चामा छ । यसमा उनले ठूला 'स्टार' लिएका छैनन् । तर, ज-जसलाई जुन-जुन भूमिकामा लिएका छन्, हरेकले जीवन्त अभिनय गरेका छन् । फिल्म होस् वा सिरिज, भंसालीको 'कास्टिङ प्रोसेस' भने अचानक हुने गर्छ । उनी ज्यादा विश्लेषण गर्दैनन् । कहिले काहीँ उनी कसैलाई एकपटक देखेकै भरमा पनि 'कास्ट' गरिदिन्छन् ।

उनी 'हीरामण्डी'को 'कास्टिङ' स्मरण गर्दै भन्छन्, 'ताजदार बलोचको भूमिकामा काम गरेका ताहा शाहले पहिला एउटा सानो रोल मात्र निभाउनेवाला थिए ।

तर, जब मैले उनलाई देखें, लिड रोलमा कास्ट गरें ।' 'गंगूबाई काठियावाडी'मा आलियाको अपोजिटमा अभिनय गरेका शान्तनु महेश्वरीलाई पनि भंसालीले आफ्नो कार्यालयमा एकपटक देखेको भरमा फिल्ममा लिने निर्णय गरेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# बालबालिकालाई अनलाइन असुरक्षाबाट जोगाउनु पर्नेमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ बालबालिकालाई अनलाइन असुरक्षाबाट जोगाउन अभिभावकदेखि विद्यालय, समुदाय र जनप्रतिनिधिले संवेदनशील भएर ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।



बालबालिकाको मनमा बितिरहेको कुरा ? उनीहरु समस्यामा छन् कि ? अनलाइनमा मात्रै रमाउन चाहने र सामाजिक सम्बन्धमा वास्ता नगर्ने व्यवहारमाथि अभिभावकले शंका गर्नुपर्ने हो की ? यसतर्फ ध्यान दिन जरुरी भएको सिविन बालहेल्पलाइन, काठमाडौंका परियोजना व्यवस्थापक माधव लोहनीले ध्यानाकर्षण गराएका हुन् । सिविन बालहेल्पलाइन मकवानपुरको आयोजनामा भएको अनलाइन सुरक्षा, पहिचान, रिपोर्टिङ तथा सामुदायिक योजनाको प्रगति समीक्षा कार्यक्रममा सहभागीहरुले बालबालिकालाई अनलाइनबाट ज्ञान हासिल गर्न रोक्न नहुने तर, अनलाइनमा के कस्ता भिडियो, हेरिरहेका छन् भन्नेमा निगरानी राख्नुपर्ने धारणा राखे ।

कार्यक्रममा बालसंरक्षण गृह, अभिभावक, बालक्लबका प्रतिनिधि, जनप्रतिनिधि, शिक्षकको उपस्थितिमा अनलाइन बालसुरक्षाबारे छलफल गरिएको थियो । जथाभावि व्यक्तिलाई अनलाइनमा साथी बनाउँदा बालबालिकामाथि विभिन्न दुरुपयोग हुने संभावना रहन्छन् । बालबालिकालाई अश्लिल फोटो तथा भिडियो सामाजिक संजालमा शेयर गर्ने धम्क्याएर पैसा असुल्ने, मेसेन्जरमा अश्लिल म्यासेज, फोटो पठाउने, धम्क्याउने, डरत्रास देखाउने, पीडितको सामाजिक संजालको पासवर्ड परिवर्तन गरेर वा ह्याक गरेर जथाभावी कुरा वा अश्लिल फोटो पोष्ट गरिदिने जस्ता कारण बालबालिकामा असर पुऱ्याउन सक्ने लोहनीले बताए ।

यसैगरी पीडितको सामाजिक संजालको फेक अकाउण्ट खोलेर जथाभावी कुरा पोष्ट गरिदिने, अफ लाइनमा गरेको यौनहिंसा तथा शोषणका घटनाको फोटो वा भिडियो खिचेर अनलाइनमा ल्याउने धम्की दिने वा अपलोड गरिदिने, पीडितको अनुहारलाई नाङ्गो फोटोसँग जोडी अनलाइनमा ल्याउने धम्की दिने वा अपलोड गरिदिने जस्ता कार्य हुनसक्छन् । बालबालिका अनलाइन यौनशोषणमा परेपछि विद्यालय छोड्न बाध्य गरेको र उनीहरुको दैनिक जीवन तथा मानसिक स्वास्थ्यमा समेत असर परेको सिविन बालहेल्पलाइन मकवानपुरका प्रबन्धक भविन्द्र ज्ञावलीले बताए ।

धेरैजसो बालबालिका रातको समयमा अनलाइन बसेर पीडकको फन्दामा पर्ने गरेको ज्ञवालीले बताए । बालबालिकालाई उचित डिजिटल शिक्षा प्रदान गर्नुपर्ने उनले बताए । बालबालिका भविष्यमा सुसूचित र जिम्मेवार नागरिक बनाउन अभिभावक र विद्यालयले नै बढी ध्यान दिनुपर्ने लोहनीले बताए । शिक्षकहरु, अभिभावकलाई यस विषयमा स्थानीय सरकारमार्फत् अविभावक तथा शिक्षक र व्यवस्थापन समितिलाई सचेतना अभियानमार्फत जानकारी गराउनु पर्ने उनले बताए ।

# 'एन्फा कम्युनिटी कोचिङ कोर्ष' सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ फुटबल प्रशिक्षक उत्पादन गर्ने उद्देश्यसाथ हेटौंडामा 'एन्फा कम्युनिटी कोचिङ कोर्ष' सुरु भएको छ । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जेठ १२ गतेदेखि १५ गतेसम्म हेटौंडाको पिप्ले क्याम्पा रंगशालामा कोचिङ कोर्ष सञ्चालन हुनेछ ।

मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलानको प्रमुख आतिथ्यता रहेको थियो । एन्फाका एलाइन्स कोच चेतनारायण श्रेष्ठ र स्थानीय कोच विजयलाल श्रेष्ठले सहजिकरण गर्नेछन् ।

मकवानपुरमा फुटबलको प्रशिक्षक कम भएकोले गर्दा कार्यक्रम आयोजना गरेको मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष लामाले बताए ।

मकवानपुरमा विभिन्न फुटबल प्रतियोगिता आयोजना हुने गरेको र पछिल्लो समय मकवानपुरका विभिन्न विद्यालयमा फुटबल खेल सिकाउनको लागि प्रशिक्षक राख्नुपर्ने भएकोले गर्दा यो तालिमले जिल्लाको फुटबलको क्षेत्रमा थप सुधार गर्न सक्ने अपेक्षा लिएको उनको भनाइ रहेको थियो ।

तालिममा चितवनका ३ जना, रौटहटका २ जना, कञ्चनपुरका १ जना र मकवानपुरका २९ जना गरी ३५ जनाको सहभागिता रहेको संघका महासचिव छवि सुवेदीले जानकारी दिए । तालिमपश्चात प्रशिक्षणमा सहभागीले 'डी' वर्गको लाइन्सेको मान्यता पाउनेछ । 'डी' वर्गको लाइन्सेन्स प्राप्त गरेको एक वर्षपछि 'सि' वर्गको लाइन्सेस लिन पाउने जनाइएको छ ।

# हेटौंडामा कांग्रेसको कार्यकर्ता प्रशिक्षण कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडामा नेपाली कांग्रेस मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर १ को कार्यकर्ता प्रशिक्षण गरिएको छ । शनिबार प्रशिक्षण विभागको आयोजनामा कार्यकर्ता प्रशिक्षण, भाषणकला र बैठक सञ्चालन प्रणालीको आयोजना गरिएको हो ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर १ (ख) मकवानपुरका सभापति राजेश बानियाँको अध्यक्षता एवम् कांग्रेस बागमती प्रदेश सभापति तथा बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा भएको हो । प्रमुखअतिथि बानियाँले कांग्रेसकै कारण मुलुकमा शान्ति स्थापना र संविधान जारी भएको जिकिर गरे । कांग्रेसले पहलकदमी लिएकै कारण तत्कालीन बिद्रोही माओवादीको १० वर्षे जनयुद्ध अन्त्य भएको उनको भनाई छ ।

व्यवस्था परिवर्तन भएपनि अवस्था परिवर्तन भएन भन्ने भाष्य स्थापित हुँदै गएको बताउँदै उनले व्यवस्थाप्रति जनतामा रहेको निराशालाई आशामा बदल्न कांग्रेसले पहलकदमी लिनुपर्ने बताए । सभापति बानियाँले विधि र विधानमा चल्ने एक मात्र पार्टी नेपाली कांग्रेस भएको भन्दै उनले कांग्रेसका नेताको विचार र व्यवहार एउटै हुनुपर्ने उल्लेख गरे । कार्यक्रममा डा. कृष्णप्रसाद खनाल र पार्टीका केन्द्रीयसदस्य पुष्पा भुषालले प्रशिक्षण दिएका छन् । उनीहरुले पार्टीको वर्तमान राजनीतिक अवस्थाको बारेमा प्रशिक्षण दिएका हुन् ।

कार्यक्रममा कांग्रेसका केन्द्रीयसदस्य तथा प्रशिक्षण विभाग प्रशिक्षक पुष्पा भुषाल विशिष्ट आतिथ्यता तथा नेपाली कांग्रेस जिल्ला सभापति बुद्ध लामा, पूर्वसभापति रामचन्द्र अर्याल माइकल, रघुरमण न्यौपाने, उप-सचिव इन्दिरा न्यौपाने, मकवानपुरगढी गाउँपालिका प्रमुख दोर्जे लामा, प्रतिनिधिसभा क्षेत्र नम्बर १ का सभापति दामोदर खनाल, पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।

# गुप्तेश्वरी टोल विकासद्वारा गमला वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ टोललाई हराभरा र सौन्दर्ययुक्त बनाउने उद्देश्यले चौघडाबजारका स्थानीयलाई फूल सहितको गमला वितरण गरिएको छ ।

हेटौंडा-६ वडा कार्यालयको सहयोग र गुप्तेश्वरी टोल विकास संस्थाको संयोजनमा गमला वितरण गरिएको हो । हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् संस्थाकी अध्यक्ष नानीमाया रुम्बाको सभाध्यक्षतामा कार्यक्रम भएको हो । संस्थाले स्वागत बोर्ड निर्माण गर्नुका साथै २ सय घरधुरीलाई फूलसहितको गमला वितरण गरिएको सचिव अप्सरा अधिकारीले जानकारी दिइन् ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, टोल विकास संस्था नगरसमन्वय समिति अध्यक्ष ध्रुव अधिकारी, उपाध्यक्ष विष्णुप्रसाद ढुङगाना, भूगोल सदस्य गोमा लामिछाने, चौघडा सहकारी अध्यक्ष विजयकुमार श्रेष्ठ, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल, प्रहरीचौकी चौघडाका प्रमुख जनकबहादुर तामाङ, टोल विकास संस्था वडासमन्वय समिति हेटौंडा-६ का उपाध्यक्ष रमेशकुमार थापा, संस्था उपाध्यक्ष शुभद्रा आचार्य, नवजीवनज्योति क्लबका सचिव राजकुमार फुँयाल, सञ्चारकर्मी भीमसेन पौडेल, स्थानीयलगायतको उल्लेख्य सहभागिता थियो ।

# साहित्य संगमको ३४३ औं नियमित साहित्य सन्ध्या

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ मकवानपुरे साहित्यकारको अग्रणी संस्था साहित्य संगम मकवानपुरको ३४३ औं नियमित साहित्य सन्ध्या शनिबार हेटौंडामा भएको छ ।



नियमित साहित्य सन्ध्याको विशेष कार्यक्रममा पत्रकार रामकुमार एलनले कविताावाचन गरेका थिए । उनले ५ वटा कविताावाचन गरेका थिए । एलनले वाचन गरेको कवितामा साहित्य संगम मकवानपुरका सल्लाहकार तथा पूर्वअध्यक्ष सुवास खनालले समिक्षात्मक टिप्पणी गरेका थिए ।

नियमित साहित्य सन्ध्यामा कविता, गजल र मुक्तक गरी एक दर्जन सर्जक तथा साहित्यकारले रचनावाचन गरेका थिए । साहित्य संगमका अध्यक्ष डीवी बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा अग्रज साहित्यकार देवराज खरेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा साहित्यकार शान्तिप्रिय बन्दन, पुरुषोत्तम आचार्य, राजुराम राउत, मुक्तिगोविन्द वैद्य, मुना अर्याल, विश्वनाथ सञ्जेललगायतको आतिथ्यता रहेको थियो ।

# दुलाल बन्धु सेवासमाजमा नयाँ कार्यसमिति

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/दुलाल बन्धु सेवासमाज मकवानपुरको नयाँ कार्यसमिति चयन भएको छ । अध्यक्षमा गोविन्दप्रसाद दुलाल चयन भएका छन् ।



हेटौंडा-१६ शक्तेश्वर मन्दिर परिसरमा भएको चौथो साधारण सभाले गोविन्दको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । सभाले बरिष्ठ उपाध्यक्षमा मातृका दुलाल, उपाध्यक्षमा कृष्णप्रसाद दुलाल (रामनगर), सचिवमा रुपेश दुलाल, कोषाध्यक्षमा किशोर दुलाल र सहसचिवमा बलराम दुलाललाई चयन गरेको छ । समाजको सदस्यमा देवनारायण दुलाल, शम्भुप्रसाद दुलाल, ध्रुवप्रसाद दुलाल, पिताम्बर दुलाल, सरस्वती गौतम दुलाल, गोमा न्यौपाने दुलाल, कृष्णप्रसाद दुलाल (कमाने), भीमप्रसाद दुलाल र अशोक दुलाल चयन भएका छन् ।

त्यसगरी, समाजको सल्लाहकारमा संस्थापक अध्यक्ष तिलकप्रसाद दुलाल, पूर्वअध्यक्ष गोपाल दुलाल, निवर्तमान अध्यक्ष ध्रुवकुमार दुलाल र निवर्तमान उपाध्यक्ष उत्तरकुमार दुलाललाई मनोनित गरिएको छ । समाजका केन्द्रीय सदस्य दीपक दुलालको प्रमुखआतिथ्यता एवम् जिल्ला अध्यक्ष ध्रुवकुमार दुलालको सभाध्यक्षतामा भएको कार्यक्रममा जग्गादाता स्वर्गीय जगन्नाथ दुलालका छोराबुहारी नवराज दुलाल, चण्डिका दुलाल, ध्रुव दुलाल र निर्मला दुलाल, संस्थापक अध्यक्ष तिलकप्रसाद दुलाल, पूर्वअध्यक्ष गोपाल दुलाल, मन्दिर निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गोविन्दप्रसाद दुलाललाई सम्मान गरिएको थियो ।

सभामा नालामी दुलालहरुको तर्फबाट संकलित २८ हजार ५ सय ७१ रूपैयाँ हस्तान्तरण गरिएको थियो । कार्यक्रममा प्रदेश सदस्य अर्जुनप्रसाद दुलाल, पूर्वकेन्द्रीय सल्लाहकार भवनाथ दुलाल, चितवन जिल्ला अध्यक्ष रामकृष्ण दुलाल, सिन्धुपाल्चोक जिल्ला सदस्य कृष्ण दुलाल, उपाध्यक्ष मातृका दुलाल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा पूर्वजिल्ला अध्यक्ष गोपाल दुलाल, चितवनका कार्यसमिति सदस्य रामप्रसाद दुलाल, नेपाल प्रहरीका प्रहरी नायवनिरीक्षक रामशरण दुलाललगायतको उपस्थिति रहेको थियो ।

# पाचौं थाहा गोल्डकप प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/थाहा नगरपालिकामा सुरु भएको पाचौं थाहा गोल्डकप फुटबल प्रतियोगितामा भीमफेदी एफसी र कुर्दन एकेडेमी विजयी भएको छ ।

शनिबार भएको पहिलो खेलमा बागेश्वरी युवा क्लबलाई १-० को गोलअन्तरले पराजित गर्दै भीमफेदी विजयी भएको हो । शनिबार भएको दोस्रो खेलमा कुर्दन एकेडेमी विजयी भएको छ । कुर्दन र हिमाली डाँफे एफसीविरुद्धको खेलमा दुवै टिमले निर्धारित समयमा गोलरहित भएपछि खेल ट्राइबेकरमा धकेलिएको थियो । ट्राइबेकरमा ९-८ को गोलअन्तरले हिमालीलाई पराजित गर्दै कुर्दनले विजयी सुरुवात गरेको हो ।

प्रतियोगिताअन्तर्गत जेठ १३ गते आइतबार बिहान ९ बजे बिनयबाबु स्मृतिबिरुद्ध सक्रिय युवा क्लबबीच हुने थाहानगर खेलकुद बिकास समितिका सदस्य यादवजंग रायमाझीले जानकारी दिए । थाहा नगरपालिकाको खेलमैदान इन्द्रायणीचौरमा सञ्चालन भएको प्रतियोगितामा ९ वटा टिमले सहभागिता जनाएका छन् । ५ दिनसम्म चल्ने प्रतियोगिताको बिजेताले पुरस्कार नगद २ लाख र उपबिजेताले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

# नेपाली ब्राण्ड सोनामको शोरुम सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडामा गुणस्तरीय कपडा सामग्रीको नेपाली ब्राण्ड सोनामले आफ्नो शाखा विस्तार गरेको छ । शनिबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले शाखाको उद्घाटन गरे ।




हेटौंडा उपमहानगरपालिका-४ नारायणी मलको पहिलो तल्लामा सोनामले आफ्नो २५ औ शाखा विस्तार गरेको हो । प्रजिअ सेढाईले सोनाम ब्राण्डको हेटौंडा शाखाको व्यावसायिक सफलताको शुभकामना दिए । उनले आफ्नै नेपाली कपडा ब्राण्डलाई प्रोत्साहन गर्न आवश्यक रहेको बताए । करिब दुईदशक अघि सुरु गरिएको उद्यमशीलताको उपज सोनाम ब्राण्ड स्थापित भएको यसका सञ्चालक टासी लामाले बताए ।

हेटौंडामा करिब डेढ करोड रुपैयाँ लगानीमा शाखा खोलिएको र सोनाम ब्राण्डमा महिला, बालबालिका र पुरुषका ज्याकेट, ट्राउजर, सर्ट, पाइन्ट, पञ्जा, जिम भेस्ट, स्वेटर, कोट, ट्रेकिङ पोसाक, टेन्ट, ब्यागलगायत उत्पादन खरिद गर्न सकिने लामाले जनाए । सोनाम आज नेपालीमाझ लोकप्रिय कपडा ब्राण्ड बन्न सफल भएको छ । मुलुकभरि यसका २५ शाखा रहेका छन् ।

सोनामले महिनाको २० हजार थान कपडा उत्पादन गर्ने टासी लामाले बताए । यसअघि जावलाखेल र कुमारीपाटी, चितवनको सिजी ल्याण्डमार्क, सुनसरीको धरान पुतली लाइन, पोखराको लेकसाइड र न्युरोडमा, बुटवल तथा सुर्खेतको वीरेन्द्रनगरमा सोनामका शोरुम रहेको लामाले बताए । हेटौंडा शाखा विस्तारका अवसरमा विभिन्न छुटका अफर रहेको बताइएको छ । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोदसिं रानाभाट, नारायणी मल सञ्चालकद्धय नवराज आचार्य र दीपक आचार्यलगायतको आतिथ्यता थियो ।

# हेटौंडामा बसको ठक्करबाट एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/हेटौंडा उपमहानगरपालिका-११ थानाभन्ज्याङ स्थित पूर्व-पश्चिम सडकखण्डमा शुक्रबार राति बसको ठक्करबाट एकजनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुका प्रवक्ता लक्ष्मी भण्डारीका अनुसार सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको ना ७ ख १६७५ नंको बसले ठक्कर दिँदा अन्दाजी ४० वर्षीय पुरुषको घटनास्थलमै मृत्यु भएको हो । उनका अनुसार मृतक पुरुषको हाल नामथर वतन नखुलेको र मृतकको शव हेटौंडा अस्पतालमा राखिएको छ । घटनाबारे आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना